# श्री सार्वजनिक नमुना माध्यमिक विद्यालय

**(कृषि विज्ञान तथा विशेष शिक्षा)**
**मिथिला नगरपालिका-९, बेंगाडावर**
**धनुषा (नेपाल)**
**स्था. २०२१**

प.सं. : २०७७/०७८
च.नं. :
मिति : २०७८/०३/१६

**बिषय :** *बडहरी बजारको ठेक्कको पुनः सूचना प्रकाशित गरिएको बारे ।*

प्रस्तुत विषयमा श्री सार्वजनिक नमुना मा.वि. को स्वामित्वमा रहेको जि. धनुषा, (साविकको गा.वि.स. बेंगाडावर वडा नं. ६) को बडहरी बजार आ.व. २०७८।०७९ को लागि गोप्य सिलबन्दी बोलकबोल प्रक्रिया मार्फत ठेक्का लगाउन सूचना प्रकाशित गरिएकोमा विशेष कारणबस पुनः दोस्रो पल्ट अवधि थप गरिएको हुँदा तपसिलमा उल्लेख गरिए बमोजिमका शर्तहरुको अधिनमा रही दोस्रो पटक मिति २०७८ साल असार २२ गते मंगलवार दिनको ४ बजे भित्र गोप्य बोलकबोल सिलबन्दी निवेदन पत्र विद्यालयमा दर्ता गराई मिति २०७८।०३।२३ गते बुधवार विहान ११ बजे हुने बजार ठेक्का प्रक्रिया कार्याक्रममा सामेल हुन इच्छुक बडहरी बजार ठेकेदार तथा सर्वसाधरणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बजार ठेक्काको अवधि २०७८ साउन १ गतेदेखि २०७९ असार मसान्त सम्म कायम रहनेछ ।
२. बजारको ठेक्काको न्यूनतम मूल्य रु.१४,०१,०००। (अक्षरेपी रु. चौध लाख एक हजार मात्र ।) हुनेछ ।
३. बजारको ठेक्का गोप्य सिलबन्दी बोलकबोल प्रक्रियामा भाग लिन चाहने व्यक्तिहरुले आफूले बोलपत्रमा सकार गरेको रकमको १० % **रकम यस श्री सार्वजनिक नमुना मा.वि., बेंगाडावरको** कृषि विकास बैंक लिमिटेड, ढल्केवर, धनुषा चल्ती खाता नं. १००५३०११९५०५००११ मा रकम जम्मा गरेको सक्कल भाउचर सहित ठेक्का बोलपत्र गोप्य सिलबन्दी गरी निवेदन साथ पेश गर्नुपर्ने छ ।
४. बजार व्यवस्थापन समितिले तय गरेको वट्टी रकमको दर भाउको सूची विद्यालयबाट उपलब्ध गराइनेछ ।
५. ठेक्काको सम्पूर्ण रकम एकमुष्ट दाखिला गरी चलान पुर्जी लिन चाहेमा ठेक्का रकमको २०% रकम छुट गरिनेछ, साथै किस्ताबन्दीमा अग्रीम भुक्तानी दिन चाहेमा प्रत्येक त्रैमासिक अगावै रकम दाखिला गरी चलान पुर्जी लिन चाहेमा ७% रकम छुट गरिनेछ ।
६. ठेक्का रकम वार्षिक वा त्रैमासिक (कुल रकमलाई चार भागमा विभाजन गरी तीन महिनामा बुझाउने चार किस्ता) रुपमा उल्लेखित समय अवधि सुरु हुनु भन्दा १५ दिन अगावै विद्यालयको खातामा जम्मा गरी विद्यालयबाट भोग चलन पुर्जी लिनुपर्नेछ, अन्यथा बजार ठेक्का रद्ध गरिनेछ ।
७. किस्ताबन्दीमा ठेक्का लिने व्यक्तिले असार मसान्तभित्रमा पहिलो किस्ता विद्यालयको खातामा रकम जम्मा गरी भोग चलन पुर्जी लिनुपर्नेछ ।
८. ठेक्का लागेको आर्थिक वर्षभरी हुने प्राकृतिक विपति, महामारी वा अन्य असामान्य अवस्था सिर्जना भई बजार लाग्न नसकेमा बजार बन्द भएको दिनको अभिलेख राखी वर्षभरी हुन आउने बजार संख्याले ठेक्का रकमलाई भाग गरी प्रत्येक बजार वापत पर्न आउने रकम ठेकेदारको निवेदनमा विद्यालयबाट निर्णय गरी मिनाहा गरिनेछ ।
९. ठेक्का प्राप्त नगरेका व्यक्तिहरुको धरौटी रकम डाक बढाबढको भोलपल्ट फिर्ता गरिनेछ ।
१०. बजार ठेक्का सकार गर्ने ठेकेदारले किस्ताबन्दीमा जान चाहेमा सालभरीको ठेक्का रकम बराबरको धनजमानी, बैक ग्यारेन्टी वा विद्यालयको नाममा ठेकेदारको अचल सम्पत्ति रोक्का राखेको हुनुपर्ने छ । उक्त अचल सम्पत्तिको स्वामीत्व फिर्ता वा रोक्का फुकुवा आर्थिक वर्षको अत्त्यमा ठेक्का रकम फछ्र्यौट भइसकेपछि गरिनेछ ।
११. ठेक्का सकार गर्ने ठकेदारसँग ठेक्का सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, तथा नियमावली र विद्यालयको निर्णयहरुको आधारमा तोकिएको नियम पालना गर्ने गराउने सर्तमा ठेक्का सम्झौता गरिनेछ ।
१२. धरौटी वापतको रकम अन्तिम किस्तामा मिलान गरिनेछ ।
१३. उल्लेखीत सर्त अनुसार २०७८ असार २२ गते मंगलवार दिनको ४ बजेभित्र बोलकबोल सिलबन्दी पत्र विद्यालयमा दर्ता गर्नुपर्ने छ ।
१४. विद्यालयमा दर्ता भएका गोप्य सिलबन्दी बोलपत्र खोली ठेक्का प्रक्रिया सार्वजनिक गर्ने कार्यक्रम मिति २०७८।०३।२३ गते बुधवार विहान ११ बजे विद्यालयको प्राङ्गणमा हुनेछ ।
१५. थप जानकारीका विद्यालयमा आइ सम्पर्क राख्न सकिनेछ ।

प्रधानाध्यापक
विश्वनाथ महतो
... मा.वि. बेंगाडावर